श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३४ सालको ऐन नं. २१

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर श्रोजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति श्रतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### औद्योगिक व्यवसाय ऐन, २०३० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: औद्योगिक व्यवसाय ऐन, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "औद्योगिक व्यवसाय (पहिलो संशोधन) ऐन, २०३४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. औद्योगिक व्यवसाय ऐन, २०३० को दफा ३ मा संशोधन: औद्योगिक व्यवसाय ऐन, २०३० (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ:—

"३. उद्योगको स्थापना गर्न अनुमति लिनु पर्ने: (१) ग्रामीण तथा घरेलु उद्योग बाहेक पाँच लाख रुपैयाँभन्दा बढी स्थिर पूंजी लगानी हुने कुनै उद्योग स्थापना गर्न चाहने व्यक्तिले श्री ५ को सरकारको अनुमति प्राप्त गर्न पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगको हकमा पाँच लाख रूपैयाँभन्दा घटी जतिसुकै स्थिर पूंजी लगानी हुने भएमा पनि श्री ५ को सरकारको अनुमति लिनु पर्नेछ ।

(क) स्वास्थ्यमा प्रतिकूल असर पर्ने भनी श्री ५ को सरकारले तोकेको उद्योग,

(ख) कच्चा पदार्थको लागि परिवर्त्य विदेशी मुद्राको आवश्यकता पर्ने उद्योग,

(ग) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अन्य कुनै उद्योग ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको ग्रामीण तथा घरेलु उद्योग स्थापना गर्न चाहने व्यक्तिले श्री ५ को सरकारको अनुमति प्राप्त गर्नु पर्नेछ ।"

३. मूल ऐनको दफा ४ मा संशोधन: मूल ऐनको दफा ४ को उप-दफा (१) को खण्ड (क) मा रहेको "स्थापित" भन्ने शब्द झिकिएको छ ।

४. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:–

"तर, श्री ५ को सरकारले निर्माण गरेको औद्योगिक क्षेत्रभित्र स्थापना गरिने उद्योगहरूको हकमा त्यस्तो बन्देज लागू हुने छैन ।"

५. मूल ऐनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को उप-दफा (१) मा रहेको "घरेलु तथा ग्रामीण उद्योग" भन्ने वाक्यांशको सट्टा "ग्रामीण तथा घरेलु उद्योग" भन्ने वाक्यांश राखिएको छ ।

६. मूल ऐनको दफा ११ मा संशोधन: मूल ऐनको दफा ११ को उप-दफा (१) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छ:–

"तर, दफा ६ को उप-दफा (३) को खण्ड (क) मा उल्लिखित उद्योगहरूले क्षमता वृद्धि गरे तापनि यस उप-दफाबमोजिमको आयकर छुट् दिइने छैन ।"

७. मूल ऐनमा दफा १३ क. थप: मूल ऐनको दफा १३ पछि देहायको दफा १३ क. थपिएको छ:–

"१३ क. फिर्ता लैजान पाउने विदेशी बिनिमयसम्बन्धी विशेष व्यवस्था: अन्तर्राष्ट्रिय वित्तीय संस्थान (आई. एफ्. सी.) ले गरेको लगानी बापत विदेशमा फिर्ता लैजान पाउने रकम र सो बापत उपलब्ध हुने परिवर्त्य विदेशीमुद्राको सम्बन्धमा दफा १३ मा भएको व्यवस्थामा थप वा छुट्टै सहुलियत प्रदान गर्न श्री ५ को सरकारले आवश्यक ठानेमा त्यस्तो सहुलियत प्रदान गर्न सक्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल ऐनको दफा १४ मा संशोधन: मूल ऐनको दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छः–

"१४. अघि स्थापित उद्योगले पाउने सुविधा: (१) यो ऐन प्रारम्भ हुनुभन्दाअघि स्थापित कुनै उद्योगले तत्काल प्रचलित नेपाल कानूनबमोजिम कुनै सुविधा वा सहुलियत प्राप्त गरी राखेको भए त्यस्तो उद्योगले सोही कानूनबमोजिम सुविधा वा सहुलियत उपभोग गर्न पाउनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि अनुमति प्राप्त गरी स्थापित भएको कुनै उद्योगले तत्काल प्रचलित नेपाल कानूनले सुविधा वा सहुलियत पाउनु पर्नेमा त्यस्तो कुनै सुविधा वा सहुलियत पाई नआएको र यो ऐनबमोजिम पाउन सक्ने वर्गीकरणभित्रको भए त्यस्तो उद्योगले यो ऐनबमोजिमको सुविधा र सहुलियत पाउनेछ ।"

९. मूल ऐनको दफा १५ मा संशोधन: मूल ऐनको दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः–

"१५. उद्योगको आधुनिकरण गर्न स्वीकृति लिनुपर्ने: (१) कुनै पनि उद्योगको आधुनिकरण गर्नु परेमा उद्योग विभागको स्वीकृति लिनु पर्नेछ ।

(२) श्री ५ को सरकारले निर्माण गरेको औद्योगिक क्षेत्रभित्र स्थापना भएका उद्योग बाहेक अन्तर्राष्ट्रिय सिमानाबाट आठ किलोमिटरभित्र स्थापना भएका उद्योगको हकमा साबिक क्षमता वृद्धि नहुने भएमा मात्र आधुनिकरणको निमित्त स्वीकृति दिइनेछ ।"

लालमोहर सदर मितिः– २०३४।९।१८।२

आज्ञाले–

चूडामणिराज सिंह मल्ल

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०८